# लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) बैठकको निर्णयहरुः-

**संवत् २०८२ साल मंसिर ०७ गते आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **उद्योग, पर्यटन तथा यातायात मन्त्रालयः** लुम्बिनी प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

२. **कृषि, भूमी व्यवस्था तथा सहकारी मन्त्रालयः** प्रदेश जीवनाशक विषादी व्यवस्थापन तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

३. **सामाजिक विकास मन्त्रालयः** दलित समुदायको अधिकार सुनिश्चित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

४. **सामाजिक विकास मन्त्रालयः** अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सम्बन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने।

५. भीम अपस्तालमा सरुवा हुनुभएका डा. वर्षा थापा, कन्सल्टेण्ट डेन्टल सर्जन (एघारौं तह) लाई मेडिकल सुपरिटेण्डेन्टको जिम्मा दिने।